# युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि.

ट्रेड टावर (चौथो तल्ला), थापाथली, काठमाण्डौ, नेपाल

फोन नं. ०१-५१११११११, फ्याक्स नं. ९७७-१-५१११११२

इमेल: uic@mail.com.np वेब: www.unitedinsurance.com.np


को

# तेईसौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस युनाईटेड इन्स्योरेन्स कं.(नेपाल) लि.को संचालक समितिको २९४औं बैठकको निर्णयानुसार देहायको स्थान, मिति र समयमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस कम्पनीको तेईसौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा समुपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०७४/०९/२६ गते बुधवार (तदनुसार १० जनवरी २०१८)

समय : बिहान १०:०० बजे

स्थान : कार्की ब्याङ्केट प्रा.लि., वडा नं. ११, बबरमहल, काठमाण्डौं ।

**छलफलका विषय-सूची :**

**(क) सामान्य प्रस्ताव :**

१) तेईसौ बार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत गरिने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०७२/०७३ आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब, आय-व्यय हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम संचालक समितिको अनुरोधमा कम्पनी रजिस्ट्रारको कार्यालयबाट आ.ब. २०७३/०७४ को लेखापरीक्षणको लागि श्री प्रदिप कुमार श्रेष्ठ, एफ.सि.ए. लाई लेखापरीक्षकमा गरिएको नियुक्ती तथा पारिश्रमिक अनुमोदन गर्ने ।

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सदस्यहरुको निर्वाचन गर्ने ।

५) संस्थापक शेयरधनीको तर्फबाट मनोनित संचालक समिति सदस्यहरुको अनुमोदन गर्ने ।

(ख) विविध ।

**सभा सम्बन्धि जानकारी**

१. साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयर दाखिल खारेज गर्ने कार्य मिति २०७४/०९/१२ गते देखि २०७४/०९/२६ गतेसम्म बन्द रहनेछ ।

२. बार्षिक साधारण सभामा छलफल गरिने संचालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन, वार्षिक प्रतिवेदन सहितको पुस्तिका शेयरधनी महानुभावहरुको ठेगानामा हुलाक वा कुरियर सेवा मार्फत् पठाईने छ । कथंकदाचित उक्त पुस्तिका शेयरधनी महानुभावहरुको ठेगानामा नपुगेमा यसैलाई सूचनामानी वार्षिक साधारण सभामा भाग लिन पाल्नुहुन अनुरोध छ ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन साथ संलग्न प्रवेश-पत्र, आफ्नो परिचय खुल्ने प्रमाण-पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउन हुन अनुरोध छ।

४. शेयरधनी महानुभावहरुको सुविधाको लागि शेयरधनी दर्ता पुस्तिका बिहान ९:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला गरिनेछ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने भएमा सोको निवेदन सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घन्टा अगावै कम्पनीको प्रधान कार्यालय, ट्रेड टावर, (चौथो तल्ला) थापाथली मा दर्ता गराई सक्नुपर्नेछ । मुकर्रर प्रतिनिधि कम्पनीको शेयरधनी हुनु पर्नेछ ।

६. सभामा भाग लिन र मतदान गर्न प्रतिनिधि पत्र (प्रोक्सी) दर्ता गरिसकेपछि सो लाई बदर गरी आफै सभामा उपस्थित भई मतदान गर्न चाहेमा सो को लिखित सूचना सभा सुरु हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालय ट्रेड टावर, (चौथो तल्ला) थापाथलीमा दर्ता हुनु पर्नेछ ।

७. नावालक वा विक्षीप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रुपमा साधारण शेयर लिने शेयरधनीको हकमा त्यस्तो शेयरधनीमध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता कितावमा जसको नाम क्रमानुसार अघि लेखिएको छ सो शेयरधनीले मात्र साधारण सभामा मतदान गर्न पाउनेछ ।

८. संचालकहरुको निर्वाचन सम्बन्धि कार्यक्रम कम्पनीको निर्वाचन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्वाचन अधिकृतले तोके बमोजिम पछि कम्पनकिो प्रधान कार्यालयमा प्रकाशित गरिनेछ ।

९. छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको विषय उल्लेख गरि कम्पनीको केन्द्रिय कार्यालय ट्रेड टावर, (चौथो तल्ला) थापाथलीमा दर्ता हुनु पर्नेछ ।

१०. एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखित कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, (चौथो तल्ला) थापाथलीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

११. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिस्टर्ड कार्यालयमा पठाउन हुन अनुरोध छ ।

१२. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा तथा मन्तब्यहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमती प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।

१३. शेयरधनीमहानुभावहरुको जानकारीको लागि कम्पनीको वार्षिक प्रतिवेदनहरु यस कम्पनीको वेभसाइट www.unitedinsurance.com.np मा राखिएको छ । अन्य जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**